# पनौती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पनौती, काभ्रेपलाञ्चोक ।

## सहकारी संस्था अनुगमन प्रतिवेदन

<u>प्रतिवेदक</u>

सहकारी संस्था अनुगमन टोली
पनौती नगरपालिका

मिति २०८३।०१।२८ गते देखि २०८३।०२।२१ गते सम्म

## १. परिचय

❖ पनौती नगरपालिका, सहकारी शाखाको स्वीकृत वार्षिक कार्यक्रम बमोजिम प्रत्येक आर्थिक वर्षमा सहकारी सम्बन्धी विभिन्न कार्यहरु गर्दै आईरहेको छ। सहकारी शाखाको चालु आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संचालन गर्ने लक्ष्य राखिएको पनौती नगरपालिका अन्तर्गत संचालनमा रहेका विभिन्न सहकारी संस्थाहरुको अनुगमन मिति २०८३।०१।२८ देखि २०८३।०२।२१ सम्म सम्पन्न गरियो। सहकारी संस्थाहरुको कार्यहरुलाई छिटो छरितो,गुणस्तरिय,सदस्यमैत्री बनाई संस्थागत सुशासन कायम गर्ने हेतुले अनुगमन कार्यक्रम संचालन गरिएको हो। २३ दिनसम्म पनौती नगरपालिकाका विभिन्न वडाहरुमा संचालनमा रहेका सहकारी संस्थाहरुलाई अनुगमनका क्रममा देखिएका सवल पक्षहरुलाई निरन्तरता दिंदै दुर्बल पक्षहरुलाई सुधार गर्न सुझाव दिंदै उक्त कार्यक्रम सम्पन्न गरिएको थियो । अनुगमनका क्रममा देखिएका कमी कमजोरीहरुलाई आगामी दिनहरुमा सुधार गर्दै सहकारी क्षेत्रमा संस्थागत सुशासन कायम गर्न सहकारी संस्थाहरु सक्षम हुनेछन् भन्ने आशा यस टोलीले लिएको छ ।

## २. उद्देश्य

यस कार्यक्रमको प्रमुख उद्देश्य पनौती नगरपालिकाको नियमन क्षेत्रभित्र संचालनमा रहेका सहकारी संस्थाहरुमा वीत्तीय अनुशासनका सर्वमान्य मापदण्ड अनुरुप अनुगमन तथा निरीक्षण गरि निम्न बमोजिमको उपलब्धी हासील गर्नु रहेको छ ।

- सहकारी संस्थाको कार्यलाई सदस्य मैत्री बनाउनु,
- संस्थालाई सदस्य प्रति जिम्मेवार र जवाफदेही बनाउनु,
- सहकारी संस्थामा रहेका संस्थागत कमी कमजोरीहरूको पहिचान गर्नु,
- कमी कमजोरीहरूको निराकरणका लागि आवश्यक पहलकदमी अगाडि बढाउनु र
- सहकारी संस्थाहरुमा संस्थागत सुशासन कायम गर्नु ।

## ३. अनुगमन विधि

पनौती नगरपालिकाको नियमन क्षेत्रभित्र रहेका विभिन्न सहकारी संस्थाहरुको प्रत्यक्ष अवलोकन विधिद्धारा अनुगमन कार्य गरिएको थियो ।

## ४. अनुगमन कार्यतालिका

अनुगमन २३ दिन सम्म संचालन गरिएको थियो । शाखागत पदीयकार्यजिम्मेवारीलाई मध्यनजर गर्दै कार्यालयको अन्य प्रशासनिक कार्यवातावरणलाई असर नपर्ने गरि सहकारी संस्थाहरुको अनुगमनको कार्यतालिका निम्नानुसार तय गरिएको थियो ।

| क्र.सं. | मिति | सहकारी संस्थाको विवरण | वडा नं |
|---|---|---|---|
| १ | २०८३।०१।२८ | श्री हाम्रो सहारा साना किसान कृषि सहकारी संस्था लि. | २ |
| २ | २०८३।०१।२८ | श्री पातिखोरिया कृषी सहकारी संस्था लि. | २ |
| ३ | २०८३।०१।२९ | श्री ए वान वचत तथा ऋण सहकारी संस्था लि. | १ |
| ४ | २०८३।०१।२९ | श्री वरपीपल वहुउद्देश्यीय सहकारी संस्था लि. | १ |
| ५ | २०८३।०१।२९ | श्री जागृत कुशादेवी बचत तथा ऋण सहकारी संस्था लि. | ३ |
| ६ | २०८३।०१।३० | श्री पाटीको चौर स्वस्थ कृषि सहकारी संस्था लि. | ३ |
| ७ | २०८३।०१।३० | श्री ओमडाडा सामुहिक कृषि सहकारी संस्था लि. | ९ |
| ८ | २०८३।०२।०१ | श्री भालेश्वर नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि. | १२ |
| ९ | २०८३।०२।०१ | श्री इन्द्रेश्वरी नारी चेतना बचत तथा ऋण सहकारी संस्था लि. | ८ |
| १० | २०८३।०२।०४ | श्री विभुति महिला कृषि सहकारी संस्था लि. | ११ |
| ११ | २०८३।०२।०४ | श्री वल्थली बचत तथा ऋण सहकारी संस्था लि. | ११ |
| १२ | २०८३।०२।०४ | श्री माता सरस्वती वचत तथा ऋण सहकारी संस्था लि. | १० |
| १३ | २०८३।०२।०५ | श्री रुपान्तरण साना किसान सहकारी संस्था लि. | ८ |

| | | | |
|---|---|---|---|
| १४ | २०८३।०२।०५ | श्री ज्वालामुखी कृषि सहकारी संस्था लि. | ८ |
| १५ | २०८३।०२।०५ | श्री चेतनशिल महिला वहुउद्देश्यीय सहकारी संस्था लि. | ९ |
| १६ | २०८३।०२।०७ | श्री रातामाटे कृषि सहकारी संस्था लि. | ६ |
| १७ | २०८३।०२।०७ | श्री विनायक श्रमिक सिपमुलक वहुउद्देश्यीय सहकारी संस्था लि. | ६ |
| १८ | २०८३।०२।०८ | श्री खरिबोट बहुउद्देश्यीय सहकारी संस्था लि. | ८ |
| १९ | २०८३।०२।०८ | श्री खरिबोट दुग्ध सहकारी संस्था लि. | ८ |
| २० | २०८३।०२।११ | श्री यश बचत तथा ऋण सहकारी संस्था लि. | ९ |
| २१ | २०८३।०२।१२ | श्री नवमल्लिका कृषि सहकारी संस्था लि. | १० |
| २२ | २०८३।०२।१२ | श्री पांचाल बहुउद्देश्यीय सहकारी संस्था लि. | ७ |
| २३ | २०८३।०२।१२ | श्री छिमेकी बचत तथा ऋण सहकारी संस्था लि. | ४ |
| २४ | २०८३।०२।१३ | श्री रोशी वचत तथा ऋण सहकारी संस्था लि. | ६ |
| २५ | २०८३।०२।१३ | श्री गोरखनाथ साना किसान सामुदायिक सहकारी संस्था लि. | ४ |
| २६ | २०८३।०२।१९ | श्री जनजीवन बचत तथा ऋण सहकारी संस्था लि. | ३ |
| २७ | २०८३।०२।२० | श्री इन्द्रादेवी कृषि सहकारी संस्था लि. | १२ |
| २८ | २०८३।०२।२० | श्री हाम्रो कृषक सहकारी संस्था लि. | ४ |
| २९ | २०८३।०२।२१ | श्री जनसेवा वचत तथा ऋण सहकारी संस्था लि. | ५ |
| ३० | २०८३।०२।२१ | श्री सुब्बागाउँ कृषि सहकारी संस्था लि. | ५ |

## ५. अनुगमन समिति

पनौती नगरपालिकाको नियमन क्षेत्र अन्तर्गत संचालनमा रहेका विभिन्न सहकारी संस्थाहरुको अनुगमनका लागि देहायका पदाधिकारी रहेको १(एक) अनुगमन समिति गठन गरिएको थियो । सो अनुगमन समितिमा रहनुभएका व्यक्तिहरुको विवरण देहाय बमोजिम रहेको छः-

१. श्री नोखिराम ओली – संयोजक
२. श्री तेज प्रसाद ढकाल – टोली प्रमुख
३. श्री तुल्सी राना – सदस्य
४. श्री शान्ता भट्टराई – सदस्य
५. श्री दिपेन्द्र बन्जारा – सदस्य

विषयगत शाखाहरू सँगको प्रत्यक्ष संलग्नतामा कार्यक्रम संचालन गरेका सहकारी संस्थाहरूको हकमा आवश्यकता अनुसार तपशिलका विषयगत शाखाका शाखा प्रमुखहरूलाई पनि अनुगमनमा सहभागि गराइएको थियो।

तपशिलः
श्री बालकृष्ण दाहालः आर्थिक प्रशासन शाखा प्रमुख
श्री डा. दिपिका रेग्मीः पशु चिकित्सक
श्री सन्तोष पाण्डेयः कृषि विकास अधिकृत

## ६. अनुगमन गरिएका सहकारी संस्थाहरु

| क.सं. | सहकारी संस्थाको प्रकार | संख्या |
|---|---|---|
| १ | वित्तीय | ११ |
| २ | बहुउद्देश्यीय | ४ |
| ३ | उत्पादनमूलक | १४ |
| ४ | श्रमिक | १ |
| | जम्मा | ३० |

## ७. सहकारी संस्थाहरुको तथ्याङ्कीय विवरण

| क.सं | सहकारी संस्थाको नाम | ठेगाना | शेयर पूंजी | संचालक सदस्य | शेयर सदस्य | जगेडा कोष | ऋण लगानी | कर्मचारी | | ब्याजदर अन्तर | निक्षेप | वासलत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | म. | पु. | | | |
| १. | वरपिपल बहुउद्देश्यीय सहकारी संस्था लि. | पनौती-१ | ४२,७६,५०० | ७ | ८६७ | ११,५८,७९०.८५ | २,७०,२४,५५३ | १ | २ | ६% | २,७४,५७,३९५ | ३,३२,३३,२१४.१० |
| २. | ए.वन. साकोस | पनौती-१ | ४,०७,००० | ७ | २१५ | ० | २२,८२,१५६ | २ | – | ७% | १०,००,३२६.१३ | ३३,०४,४२८.२१ |
| ३. | जागृत कुशादेवी साकोस | पनौती-२ | ३,४५,८७,३०० | ११ | ४७६३ | २,५६,०३,८९४ | ३१,९५,५१,५२८.४ | ९ | ३ | ५.५% | १०,७०,३९,०६९.४ | ४४,१७,७८,६६८.५ |
| ४. | पातीखोरिया कृषि सहकारी संस्था लि. | पनौती-२ | ३३,८५,५०० | ९ | १४४० | १,२४,२९०.४४ | २,८१,६५,९२७ | २ | २ | ४.८५% | १,११,२८,३०४.१ | ४,४२,७३,८८३.१५ |
| ५. | हाम्रो सहारा साकोस | पनौती-२ | २,२९,७३,१०० | १५ | ३३७९ | २,१२,२८,३७७.२ | ३८,६६,२८,७७३ | ४ | ४ | ४.६१% | ७,८६,४६,३८२.२ | ४७,३७,१८,८४८.७ |
| ६. | पाटीको चौर स्वस्थ कृषि सहकारी संस्था लि. | पनौती-३ | २०,६२,००० | ९ | ५०७ | ८,७७,१३५ | २,०७,०२,५५० | – | १ | ५.७५% | ८,२९,०११ | २,२१,००,००० |
| ७. | छिमेकी साकोस | पनौती-४ | ५६,४७,७०० | ७ | ९८० | ६,५२,४८८.५७ | २,१७,९९,६०८.८ | २ | १ | ५.५९% | १,०६,१८,१२७.७ | ३,४२,२४,६७९.०३ |
| ८. | गोरखनाथ साना किसान कृषि सा. सहकारी संस्था लि. | पनौती-४ | ७१,२६,८०० | ९ | १२५६ | २३,३४,७९६.३७ | ४,२१,१४,४८६.३५ | २ | १ | ०.२५% | २,६६,२३,५१९.२५ | ५,४७,४५,९२३.२५ |
| ९. | जनसेवा साकोस | पनौती-५ | २३,३०,५०० | ९ | १००८ | २,५९,६१५.५३ | २,१०,३३,९०१ | २ | – | ५.५०% | ३०,३५,२०९.७९ | २,४४,३३,१८६.९७ |
| १०. | सुव्बागाउँ कृषि सहकारी संस्था लि. | पनौती-५ | २८,१४,४०० | ९ | ४९५ | ८८,०९३.६३ | ६४,०२,६२४.१३ | २ | १ | ६% | १०,७७,०३१.६३ | ९४,५८,३३५.०९ |
| ११. | विनायक श्रमिक सिप मुलक सहकारी संस्था लि. | पनौती-६ | १,२५,९२,८०० | ७ | २५७८ | ८०,८१,४३४.८५ | २३,१५,५२,७७५.१ | ४ | २ | ५% | २४,८२,३७,३५९.६ | २९,०७,९५,९०८.५ |
| १२. | रातामाटे कृषि सहकारी संस्था लि. | पनौती-६ | ३,४४,१०० | ११ | १८८ | १७५९६.२५ | १९,४१,०३२ | २ | – | ७% | ८,८४,४३६ | २०,७५,०९५ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३. | रोशी साकोस | पनौती-६ | ७७,३५,८०० | ७ | १६१२ | ९,४७,७०६.१९ | ८,५३,७४,८२० | ५ | १ | ६% | १,४४,६२,८३१.८ | १०,३१,९५,५३२ |
| १४. | पांचाल बहुउद्देश्यीय सहकारी संस्था लि. | पनौती-७ | ३४,१२,४०० | ९ | ६५० | ० | ६,१४,५२०३२ | ४ | २ | ५% | २,१०,२१,०८९ | ८,६३,३८,०४६.४ |
| १५. | रूपान्तरण साना किसान कृषि सहकारी संस्था लि | पनौती-८ | ११,९०,२२६.५ | ९ | १०६० | २,२४०.९४ | ५९,०२,४७१.०९ | २ | १ | ३% | ४५,९६,५००.०२ | १,०८,५७,६०६.५ |
| १६. | ज्वालामुखि कृषि सहकारी संस्था लि. | पनौती-८ | २६,४१,५०० | ११ | ७१७ | १०,१७,१३६.९ | १,१८,३१,९३४ | २ | – | ४.२५% | ७०,५८,०८०.४४ | १,८५,५८,१५६.९८ |
| १७. | इन्द्रेश्वरी नारी साकोस | पनौती-८ | ३८,८९,६०० | ७ | ६१९ | ५५,९१,१४३.५ | ३,४४,७८,७९२ | २ | – | ७% | ३,९८,५८,८८१ | ५,१९,८१,०३८.५७ |
| १८. | खरिबोट बहुउद्देश्यीय सहकारी संस्था लि. | पनौती-८ | ३५,२८,७०० | ९ | ३७० | ५,२७,५८४.२५ | २,५६,५५,९१२.६५ | – | १ | ४.५% | २,५३,२२,७१४.६० | ३,१६,२७,८७३.०४ |
| १९. | खरिबोट दुग्ध सहकारी संस्था लि. | पनौती-८ | १०,१०० | ७ | १०१ | २,३२,५०८.५५ | ० | – | ४ | – | १,४६,७४०.९९ | २,६०,३३७.२७ |
| २०. | ओमडाडा कृषि सहकारी संस्था लि. | पनौती-९ | ३,७०,३०० | ९ | १८५ | २०,५६०.४० | १३,९२,७६४ | १ | १ | ६% | १५,५६,५२०.७५ | २१,४२,६३६.७६ |
| २१. | यश साकोस | पनौती-९ | १,६६,९४,२०० | ७ | ११३० | १,६८,३९,९४० | ८,७८,०२,२४१ | ४ | १ | ६% | ७,०३,२३,१५० | ११,७६,०८,८३१.५ |
| २२. | चेतनशील महिला व. सहकारी संस्था लि. | पनौती-९ | ४३,४५,८०० | ११ | ५०२ | २२,००,०९०.७ | ३,६३,७१,७२१ | ४ | – | ६% | २५,८७,४७१.०२ | ३,९४,६३,१६७.८२ |
| २३. | माता सरस्वति महिला साकोस | पनौती-१० | १३,६३,७०० | ७ | ६२७ | २,१३,००० | १,६९,१०,००० | १ | – | ५% | १३,९९,६१२ | १,८८,९२,९९८ |
| २४. | नवमल्लिका कृषि सहकारी संस्था लि. | पनौती-१० | १४,१९,००० | ९ | ११२ | ६,४७,१६२ | ३६,५५,१६२ | – | १ | ७.५% | ८२,६१,५७१ | १,२३,०९,८००.५४ |
| २५. | विभुती महिला कृषि सहकारी संस्था लि. | पनौती-११ | १,८३,००० | ७ | १६० | १,३६,८०० | २०,८१,२४७ | १ | – | ५% | ६,३८,२४३ | २८,४५,५२६ |
| २६. | वल्थली साकोस | पनौती-११ | १८,८३,६०० | ९ | ९७७ | ३४,६८,६४८.३ | २,२९,२४,५६६ | ३ | १ | ५.५% | ६२,९६,४१५.९८ | ३,००,०३,७२१.८५ |
| २७. | भालेश्वरी नारी चेतना साकोस | पनौती-१२ | ६४,१२,३०० | ९ | १०८५ | २३,८६,४७७.२ | ६,५२,३९,२४५ | २ | – | ५% | २,५३,७५,२३४.२ | ८,७९,७६,२०४.२७ |

## ८. सहकारी संस्थाहरूको समग्र संस्थागत अवस्था

१. सहकारी ऐन नियममा व्यवस्था भए बमोजिम कर्जा र निक्षेप विचको ब्याजदर अन्तर सबै सहकारी सँस्थाहरूले कायम नगरेको,

२. केही बचत तथा ऋण सहकारी संस्थाहरुले (PEARLS र MCI ) बमोजिम प्रतिवेदन तयार नगरेको,

३. सम्पत्ति शुद्दिकरण निवारण सम्बन्धी सहकारी संस्थाहरुलाई जारी गरेको निर्देशन २०७४ को दफा २४ वमोजिम धेरै जसो सहकारी संस्थाहरुले सम्पत्ति शुद्दिकरण निवारण सम्वन्धी सम्पर्क विन्दुको रुपमा कार्य गर्ने गरि तोकिएको व्यक्ति COMPLIANCE OFFICER नतोकेको र सो ऐनको दफा ९ बमोजिम राष्ट्र बैंकले तोकेको एकाई Financial Information Unit (FIU) मा सहकारी संस्थाहरुले पठाउनु पर्ने शंकास्पद कारोवार, सीमा कारोवार र असामान्य कारोबारको जानकारी नपठाएको ।

४. न्यून सहकारी संस्थाहरुको मात्र सदस्य बडापत्र राखेको,

५. धेरैजसो सहकारी संस्थाहरु गरिबी निवारण तथा सहकारी ब्यबस्थापन सूचना प्रणाली (COPOMIS) मा समष्टिगत फाराम भरि आबद्ध भए पनि नियमित विवरण अध्यावधिक नगरेको,

६. केही सहकारी संस्थाहरुले नियामक निकायमा नियमित रुपमा पेश गर्नुपर्ने मासिक, बार्षिक प्रतिबेदन, लेखापरीक्षण प्रतिबेदन पेश गरे पनि सम्पूर्ण सहकारी संस्थाले पेश नगरेको,

७. सहकारी ऐन २०७४ दफा ३२ मा व्यवस्था भए बमोजिम कुनै व्यक्ति एक स्थानीय तहको एकै प्रकृतिका एकभन्दा बढी सहकारी संस्थाको सदस्य बन्न नपाउने भनेकोमा सो कार्यान्वयनमा नरहेको,

८. कतिपय सहकारी संस्थाहरुका दर्ता बखतका सहकारी ऐन २०४८ अनुसार बनेका विनियमहरु हालसम्म पनि संशोधन नगरिएको,

९. केही सहकारी संस्थाहरुले हालसम्म पनि कम्प्युटकृत सफ्टवेयर प्रणालीमा आबद्ध नभएको,

१०. केही सहकारी संस्थाहरुले सहकारी ऐन तथा नियमावलीले व्यवस्था गर्न भने बमोजिमका कोषहरू खडा नगरेको,

११. केही सहकारी संस्थाहरूले सहकारी ऐन २०७४ को दफा ६९ मा व्यवस्था भए बमोजिम संरक्षित पूँजी फिर्ता कोषमा जम्मा गर्नुपर्ने रकम जम्मा नगरेको र संरक्षित पूँजी फिर्ता पनि नगरेको देखिएको, सोही ऐनको दफा ७० मा व्यवस्था भए बमोजिमको जगेडा कोषमा छुट्ट्याई वांकी रहेको रकमको ०.५% रकम सहकारी प्रवर्धन कोषमा जम्मा गर्नु पर्नेमा सो नगरेको,

१२. कतिपय संस्थाले ऐनको (नगर), दफा ५२ को उपदफा (१) बमोजिमका विवरणहरु सहितको प्रतिवेदन आ.व. समाप्त भएको ३ महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेमा सो नगरेको,

१३. सहकारी संघ संस्थाको निर्वाचन निर्देशिका २०६९ मा व्यवस्था भए बमोजिम निर्देशन नं ३ मा व्यवस्था भए बमोजिमको निर्वाचन उपसमिति गठन नभएको र सोही निर्देशनमा रहेका अनुसूचीहरु बमोजिम निर्वाचन सम्वन्धी सम्पूर्ण क्रियाकलापहरुको दस्तावेजीकरण नगरेको ।

१४. सहकारी ऐन, नियम, मापदण्ड, निर्देशन विपरित केही सहकारी संस्थाहरुमा बहालवाला शिक्षक, जनप्रतिनिधि, कर्मचारीहरु तथा प्रत्यक्ष लाभको पदमा रहेका व्यक्तिहरु संचालक समिति र लेखा सुपरिवेक्षण समितिमा कार्यबाहक जिम्मेवारीमा रहेको र पटक पटक पत्राचार गर्दा समेत अटेर गरेको,

१५. वित्तीय साक्षरता र सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन नगरेको,

१६. केही सहकारी संस्थाहरुले श्रम ऐनले निर्धारण गरे बमोजिमको न्यूनतम पारिश्रमिक भन्दा पनि न्यून पारिश्रमिकमा कर्मचारीबाट सेवा लिने गरेको र सामाजिक सुरक्षा कोषमा आबद्द नगरेको,

१७. धेरैजसो संस्थाले ऋण लगानी गर्दा ऋण असुलीको सुनिश्चीतता तर्फ ध्यान नदिएको,

१८. धेरैजसो संस्थाहरुमा उजुरी पेटिका, गुनासो सुन्ने अधिकारिको ब्यवस्था नगरिएको,

१९. धेरैजसो संस्थाले विभागीय परिपत्र, आदेश, निर्देशनलाई संचालक समितिको छलफलको विषय नबनाएको,

२०. केही सहकारी संस्थाले नियमित आन्तरिक लेखा परिक्षण नगरेको साथै लेखा सुपरिवेक्षण समितिको निर्णय/प्रतिवेदनलाई संचालक समितिको एजेण्डा नबनाएको,

२१. कतिपय सहकारी संस्थाका व्यवस्थापक र संचालक सदस्यहरुमा सहकारी संस्था संचालनका लागि अपरिहार्य व्यवस्थापकीय कला, लेखा सम्बन्धी सामान्य ज्ञान तथा संगठनात्मक व्यवहार सम्बन्धी पर्याप्त ज्ञानको कमी रहेको,

२२. लेखा परिक्षण प्रतिवेदनमा लेखा परिक्षकले कमजोरीहरु नऔलाएको र औंलाए पनि सोको बारेमा लेखा सुपरिवेक्षण समितिमा छलफल नगरि लेखा परिक्षण प्रतिवेदन तयार गर्ने गरेको साथै लेखा परिक्षण प्रतिवेदनमा संस्थाको समग्र पक्षमा गर्नुपर्ने सुधारका पक्ष समावेश नगरेको,

२३. सवै संस्थाहरुसंग सेवा प्रवाहको नियमित तालिका नभएको,

२४. धेरैजसो कृषि तथा बहुउद्देश्यीय संस्थाहरु मूल उद्देश्य भन्दा पृथक सहायक उद्देश्य (बचत तथा ऋण) मा केन्द्रित भएको,

२५. केहि संस्थाको आवधिक निर्वाचन, वार्षिक साधारण सभा, वार्षिक लेखा परिक्षण जस्ता कार्य नियमित नभएको,

२६. धेरैजसो सहकारी संस्थाहरुले सहकारी ऐन (नगर) २०७४ को दफा १७ बमोजिम संस्था संचालनका लागि आवश्यक नीति, मापदण्ड र कार्यविधि नबनाएको,

२७. सहकारी ऐन (नगर) २०७४ को दफा ९ को उपदफा (३) वमोजिम धेरैजसो संस्थाको व्यवसायिक सेवा संचालन नभएको ।

# ९. समग्र सुझाव

१. सहकारी ऐन नियममा व्यबस्था भए बमोजिम कर्जा र निक्षेप बिचको ब्याजदर अन्तर सबै सहकारी सँस्थाहरूले कायम गर्नुपर्ने,

२. प्राथमिक पूँजी कोषको १० प्रतिशत वा १५ गुणामा नबढ्ने गरि बचत संकलन गर्ने र प्राथमिक पूँजी कोषको १५ प्रतिशत भन्दा कम हुने गरि सदस्यलाई ऋण लगानी गर्ने,

३. सबै बचत तथा ऋण सहकारी संस्थाहरुले (PEARLS र MCI )बमोजिम प्रतिवेदन तयार गर्नुपर्ने,

४. सहकारी नियमन प्राधिकरणमा सबै प्रकारका सहकारी संस्थाहरू आबद्धता हुनुपर्ने र नगरबाट व्यवसाय दर्ताको प्रमाणपत्र लिनुपर्ने,

५. सम्पत्ति शुद्दिकरण निवारण सम्बन्धी सहकारी संस्थाहरुलाई जारी गरेको निर्देशन २०७४ को दफा २४ बमोजिम धेरै जसो सहकारी संस्थाहरुले सम्पत्ति शुद्दिकरण निवारण सम्बन्धी सम्पर्क विन्दुको रुपमा कार्य गर्ने गरि COMPLIANCE OFFICER तोकी र राष्ट्र बैंकले तोकेको एकाई Financial Information Unit (FIU) मा शंकास्पद कारोबार, सीमा कारोबार र असामान्य कारोबारको जानकारी तोकीएको समयसीमा भित्र पठाउनुपर्ने,

६. गरिबी निवारण तथा सहकारी ब्यबस्थापन सूचना प्रणाली (COPOMIS) मा सम्पूर्ण वित्तीय कारोबार र आपफ्ना गतिबिधिहरूको विवरण अनिवार्य रूपमा अध्यावधिक गर्नुपर्ने,

७. नियामक निकायमा नियमित रुपमा पेश गर्नुपर्ने मासिक, बार्षिक प्रतिबेदन, लेखापरीक्षण प्रतिबेदन पेश गर्नुपर्ने,

८. सहकारी संस्थाका विनियमहरु समय सापेक्ष संशोधन गर्नुपर्ने,

९. नेपाल सरकारले जारी गरेको लेखामान अनुरूप लेखाको अभिलेख राख्ने र गुणस्तरीय र सुरक्षित कम्प्युटकृत सफ्टवेयरहरू लागु गर्ने,

१०. सहकारी ऐन तथा नियमावलीले व्यवस्था भए बमोजिमका कोषहरू खडा गर्ने,

११. सहकारी ऐन, नियम, मापदण्ड, निर्देशन विपरित सहकारी संस्थाहरुमा बहालवाला शिक्षक, जनप्रतिनिधि, कर्मचारीहरु तथा प्रत्यक्ष लाभको पदमा रहेका व्यक्तिहरु संचालक समिति र लेखा सुपरिवेक्षण समितिमा कार्यबाहक जिम्मेवारीमा रहेको भए तत्काल राजीनामा दिइ उपनिर्वाचनका माध्यमबाट पदपूर्ती गर्ने,

१२. आफ्ना सदस्यहरूलाई वित्तीय साक्षरता र सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन गर्नुपर्ने,

१३. सहकारी संस्थाहरूले आफ्नो कार्यबोझ विश्लेषणका आधारमा साधारण सभावाट वार्षिक नीति तथा कार्यक्रम र बजेटमा कर्मचारीको दरवन्दी र कर्मचारी सम्बन्धी कार्यविधि स्वीकृत गरि खुला पदपूर्तीका माध्यमबाट श्रम ऐनले निर्धारण गरेको न्यूनतम पारिश्रमिक अनिवार्य रूपमा उपलब्ध गराइ सामाजिक सुरक्षा कोषमा समेत आवद्ध गर्नुपर्ने,

१४. सहकारी संस्थाहरूले ऋण लगानी गर्दा शेयर संख्या, शेयर पूँजी, बचत कारोवार र धितो मूल्यांकन समेतका आधारमा तिर्न सक्ने क्षमतालाई उच्च प्राथमिकतामा राखि सम्वद्ध पक्षहरूको विश्लेषण गरेर मात्र ऋण लगानी गर्ने,

१५. सदस्य केन्द्रियतामा आधारित रहि संस्थाको सदस्यता सदैव खुला राख्ने, संस्थावाट उपलब्ध हुने सेवाको प्रकार, सेवा प्राप्त गर्ने प्रकृया,लाग्ने समय, जिम्मेवार शाखा वा कर्मचारी र सेवाका शर्तहरू समावेश गरि बडापत्र जारी गर्ने र गुनासो सुनुवाइ संयन्त्रको व्यवस्था गर्ने,

१६. काउन्टरमा रहेको नगद र भल्टको अनिवार्य रूपमा बीमा गर्नुपर्ने र आवश्यक सुरक्षा प्रवन्ध गर्नुपर्ने,

१७. विभागीय परिपत्र, आदेश, निर्देशनलाई संचालक समितिको छलफलको विषय बनाउनुपर्ने,

१८. सहकारी संघ संस्थाको निर्वाचन निर्देशिका २०६९ मा व्यवस्था भए बमोजिमको निर्वाचन उपसमिति गठन गर्नुपर्ने र सोही निर्देशनमा रहेका अनुसूचीहरु बमोजिम निर्वाचन सम्वन्धी सम्पूर्ण क्रियाकलापहरुको दस्तावेजीकरण गर्नुपर्ने,

१९. संचालक समिति सदस्य र लेखा सुपरिवेक्षण समितिका कूल ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरूले एकै पटक ऋण नलिने,

२०. सदस्यहरूलाई लगानी गरिएको ऋणलाई सावामा पूँजीकृत नगर्ने, निष्कृय कर्जा कुल ऋणको ५ प्रतिशत भन्दा कम कायम गर्ने र ऐनमा व्यवस्था भए बमोजिमको ऋण हानी कोषको व्यवस्था गर्ने,

२१. एकै संस्थाका एकै अवधिमा एक परिवारको एक भन्दा बढी व्यक्ति संचालक तथा लेखा समितिको पदमा नरहने,

२२. संचालक समिति, लेखा समिति र अन्य उपसमितिमा रहने सदस्यले निर्वाचन भएको ३ महिनाभित्र सहकारी सम्बन्ध तालिम लिनुपर्ने,

२३. सहकारी ऐन नियम, मापदण्ड र निर्देशिका बमोजिम सहकारी संस्थाहरूले समयमै आवधिक निर्वाचन, बार्षिक साधारण सभा, वार्षिक लेखा परिक्षण र प्रतिवेदन जस्ता कार्यहरू नियमित गर्नुपर्ने,

२४. कार्यक्षेत्र खप्टिएका, सदस्यता दोहोरिएका र सहकारीको मर्म अनुरूप संचालन हुन नसकेका सहकारी संस्थाहरूलाई एकीकरण गर्नुपर्ने,

२५. लामो समयसम्म कारोबार नगरेका, नियमित बार्षिक साधारण सभा तथा लेखा परिक्षण गर्न नसकेका निष्कृय अवस्थामा रहेका सहकारी संस्थाहरूलाइ खारेजीको प्रकृया अगाडि बढाउने ।

## १०. निष्कर्ष

सहकारी संस्था संचालन गर्न आवश्यक पर्ने न्यूनतम व्यवस्थापकीय सिप, क्षमता, योग्यता र अनुभव नभएका न्यून वेतनधारी कर्मचारीबाट कार्य सम्पादन गर्ने गरेका सहकारी संस्थाहरूले जनशक्ति व्यवस्थापन नीति बनाइ नयाँ योग्य कर्मचारी नियुक्ती गर्ने र बहालवाला कर्मचारीलाई व्यवस्थापकीय कार्यकौशलता बढाउनका लागि विभिन्न तालिम तथा सिपहरूका अवसरहरू प्रदान गर्नुपर्ने हुन्छ । त्यसका लागि नियामक निकायको पनि प्रवर्धनात्मक र नियामकीय जिममेवारी रहन्छ । त्यसैगरि,सहकारी दर्ता अभियानका क्रममा राजनैतिक आडमा दर्ता भइ उपलब्धीमूलक कार्य गर्न नसकी निष्कृय प्राय अवस्थामा रहेका सहकारी संस्थाहरूलाई एकीकरण वा खारेजीको प्रकृयामा अगाडि बढाउन आवश्यक देखीएको छ ।एउटै वडामा संचालनमा रहेका एकै प्रकृतिका सहकारी संस्थाहरूलाई एकीकरणका लागि प्रोत्साहन गर्न एक वडा एक सहकारी नीति बनाइ कार्ययोजना तयार गरि लागु गर्न आवश्यक देखिएको छ ।

सहकारी संस्थाहरूमा स्वनियमन र सुशासन कायम गर्न यस्ता किसिमका अनुगमन निरिक्षणका कार्यहरू निरन्तर र प्रभावकारी रूपमा संचालन हुन जरूरी छ ।संघ, प्रदेश र स्थानीय निकाय तथा विभिन्न सहकारी अभियानमा लागेका संघ संस्थाहरूको आपसी समन्वय र सहकार्यमा मात्र प्रभावकारी र उपलब्धीमूलक लक्ष्य हासिल गर्न सकिन्छ ।